# १७६ जना जेष्ठ नागरिकलाई सम्मान

डुडुवा (बाँके), २३ असार । डुडुवा गाउँपालिकाका जेष्ठ नागरिकलाई आज सम्मान गरिएको छ । गाउँपालिकाको १ वडादेखि ६ वटै वडा अन्तगतका ८२ वर्ष पुगेका १ सय ७६ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको हो ।

गाउँपालिकाको हिरिमिनिया, बेतहानी, बनकट्टी र कम्दी गरि छुट्टाछुट्टै ४ स्थानमा आयोजित कार्यक्रममा जेष्ठ नागरिकलाई गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरी, उपाध्यक्ष साहिदा बानो, वडाध्यक्ष गजेन्द्र कैराती, भण्डारीलाल यादव, मोहनराम मिश्र, प्रशुराम बुढाथोकी, कार्यपालिका सदस्य लिलावती यादव, प्रमुख प्रशासकिय अधिकृत नारायण प्रसाद रेग्मी लगायतको उपस्थिती रहेको थियो ।

जेष्ठ नागरिकहरुलाई कम्बल, टर्च र छाता प्रदान गरि सम्मान गरिएको थियो । सामाग्री ग्रहण गर्दै वडा नं ३ का ११२ वर्षिय बृद्ध आशाराम यादवले भन्नुभयो–'हाम्रो अभिभावक भनेको सरकार हो, मासिक सामाजिक सुरक्षा भत्ताले सामान्य खर्च पुग्छ' । छोरा छोरीको अगाडी हात फैलाउन परेको छैन । यो टर्च र छाताले अहिलेको अवस्थामा धेरै उपयोगी भएको उहाँले बताउनुभयो ।

गाउँपालिकामा ८२ वर्षदेखि १२३ वर्षसम्मका जेष्ठ नागरिकलाई उक्त सामाग्री प्रदान गरिएको थियो । (तस्वीर पनि छ)

,,,,,,,,,,,,

विधेयक समितिद्धारा ऐन तथा कार्यविधी निमार्णका लागि सिफारिस
डुडुवा (बाँके), २३ असार । डुडुवा गाउँपालिकाको विधेयक समितिले विभिन्न ऐन तथा कार्यविधी निमार्णका लागि सिफारिस गरेको छ ।
समितिले न्यायिक समिति कार्यविधी ऐन २०७५ नयाँ बनाउने र आर्थिक ऐन र विनियोजन ऐन र शिक्षा ऐन २०७५ पहिलो संशोधन गर्नका लागि गाउँसभामा सिफारिस गरेको छ ।

यस्तै शिक्षा नियमावली २०७४ पहिलो संशोधन, सार्वजनिक खरिद नियमावली २०७५, 'घ' वर्गको निमार्ण व्यवसाय इजाजत पत्र सम्वन्धी कार्यविधी २०७५, सहकारी नियमावली २०७५, एकीकृत सम्पत्ती कर कार्यविधी २०७५ विपत व्यवस्थापन कार्यविधी २०७५, सामाजिक सुरक्षा सम्वन्धी कार्यविधी २०७५को कार्यविधी, नियमावली निमार्णका लागि सिफारिस गरिएको हो ।

समितिका संयोजक लिलावती यादवले गाउँपालिकालाई आवश्यक पर्ने ऐन कानून र कार्यविधी निमार्णका लागि कार्यपालिका र गाउँसभामा पठाइएको बताउनुभयो ।